नेपाल सरकार
विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

## शिक्षक पदस्थापनाका आधार तथा मार्गदर्शन:

### क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गर्ने कार्यहरु:

१) प्राथमिक तहको हकमा शिक्षक सेवा आयोगले गरेको जिल्लागत स्थायी नियुक्तिको सिफारिसलाई सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइलाई शिक्षक पदस्थापनाका आधार तथा मार्गदर्शनसहित पठाउने।

२) निम्न माध्यमिक तथा माध्यमिक तहको हकमा शिक्षक सेवा आयोगले गरेको स्थायी नियुक्तिको प्रदेशगत सिफारिस, पदस्थापनाका आधार, मार्गदर्शन एवं जिल्लाको विषयगत पदसंख्या सहितको विवरण प्रदेश स्थित शिक्षा विकास निर्देशनालयमा पठाउने।

### ख) प्रदेश स्थित शिक्षा विकास निर्देशनालयले गर्ने कार्यहरु:

१) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त जिल्लाको विषयगत पदसंख्या सहितको विवरण सार्वजनिक गरी निम्न माध्यमिक तथा माध्यमिक तहमा स्थायी नियुक्तिका लागि सिफारिस भएकालाई ७ दिनको समय तोकी जिल्ला रोज्न सूचना जारी गर्ने।

२) विज्ञापित संख्याको अधिनमा योग्यताक्रम अनुसार रोजाइका आधारमा जिल्लागत विवरण तयार गरी नियुक्तिका लागि रोजाइको म्याद समाप्त मितिले बढीमा ५ दिनभित्रमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने।

तर यसरी जिल्ला रोज्न दिदाँ अपागंताको परिचयपत्र वाहक 'क' 'ख' र 'ग' गरी तीन श्रेणीका अपागंता भएका शिक्षकहरुलाई पहिलो प्राथमिकता दिनुपर्ने छ।

### ग) शिक्षा विकास तथा समन्वय इकाइले गर्ने कार्यहरु:

१) प्राथमिक तहको हकमा:

(क) स्थानीय तहगत रुपमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने पदसंख्या सहितको सूची सार्वजनिक गरी सिफारिस भएका शिक्षकहरुलाई योग्यताक्रम समेतलाई ध्यानमा राखी स्थानीय तह रोज्न ७ सात दिनको समय दिई सूचना जारी गर्ने।

(ख) स्थायी नियुक्ति हुन सिफारिस भएकालाई बुँदा (क) बमोजिमको स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने पदसंख्या भित्रमा योग्यताक्रम अनुसार रोजाइको आधारमा स्थानीय तह अन्तर्गतको विद्यालयका लागि स्थायी नियुक्ति पत्र दिई विद्यालयमा पदस्थापनका लागि रोजाइको म्याद समाप्त मितिले बढिमा ५ दिनभित्रमा सम्बन्धित स्थानीय तहमा पठाउने।

२)  निम्न माध्यमिक तथा माध्यमिक तहको हकमा:

(क) स्थानीय तहगत रुपमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने विषयगत पदसंख्या सहितको सूची सार्वजनिक गरी प्रदेश स्थित शिक्षा विकास निर्देशनालयबाट प्राप्त विवरणका अनुसार निम्न माध्यमिक तथा माध्यमिक तहमा स्थायी नियुक्तीका लागि सिफारिस भएकालाई स्थानीय तह रोज्न ७ सात दिनको समय दिई सूचना जारी गर्ने।

(ख) बुँदा (क) बमोजिम रोजाईको आधारमा स्थानीय तहभित्र विषयगत दरबन्दीमा कुनै प्रतिस्पर्धा नहुने अवस्था भएमा स्थानीय तह अन्तर्गतको विद्यालयका लागि स्थायी नियुक्ति पत्र दिई विद्यालयमा पदस्थापनका लागि सम्बन्धित स्थानीय तहमा पठाउने ।

(ग) बुँदा (क) बमोजिमको रोजाइमा प्रतिस्पर्धा रहेमा स्थायी नियुक्ति हुन सिफारिस भएकालाई बुँदा (क) बमोजिमको स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने विषयगत पदसंख्या भित्रमा योग्यताक्रम अनुसार रोजाइको आधारमा स्थानीय तह अन्तर्गतको विद्यालयका लागि स्थायी नियुक्ति पत्र दिई विद्यालयमा पदस्थापनाका लागि सम्बन्धित स्थानीय तहमा पठाउने।

(घ) बुँदा (क) बमोजिम रोजाईको म्याद समाप्त मितिले बढिमा ५ दिनभित्रमा स्थायी नियुक्ति पत्र दिई विद्यालयमा पदस्थापनाका लागि सम्बन्धित स्थानीय तहमा पठाउने।

घ) **स्थानीय तहले गर्ने कार्यहरु:**

(क) प्राथमिक तहको हकमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने पदसंख्या र निम्न माध्यमिक तथा माध्यमिक तहको हकमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने विषयगत पद संख्याको आधारमा पदस्थापन गर्नुपर्ने विद्यालयको सूची सार्वजनिक गरी शिक्षा विकास तथा समन्वय इकाइबाट स्थायी नियुक्ति भई आएकालाई सिफारिस योग्यताक्रम समेतलाई ध्यानमा राखी देहाय बमोजिम पदस्थापन गर्ने।

१. पदस्थापन गर्दा रिक्त दरवन्दिले अपुग भई अस्थायी/करारका शिक्षक हट्नु पर्ने अवस्थामा सेवाको आधारमा कनिष्ट अस्थायी शिक्षक हट्ने गरी व्यवस्था मिलाउने।

२. क र ख श्रेणीको अपागंता भएका तथा महिलाको हकमा प्राथमिकतामा राखी पदस्थापन गर्ने।

(ख) शिक्षक पदस्थापनको कार्य ७ दिनभित्र पूरा गर्नुपर्नेछ।

**नोटः** शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश स्थित शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाइ तथा स्थानीय तहले माथि उल्लेख भए बमोजिमका पदस्थापनका आधार तथा मार्गदर्शनको प्रतिकूल नहुने गरी थप आधार तयार गरी पदस्थापना कार्यको कार्यान्वयन गर्न सक्नेछन्।